



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ३१९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २४ गते शुक्रबार ❑ 10 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## पार्टी महाधिवेशनको ऊर्जालाई चुनावसम्मै लैजाऊँ : प्रधानमन्त्री देउवा

रासस
काठमाडौं, २३ मंसिर

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको १४औँ महाधिवेशनमा सहभागी हुन देशैभरिबाट उत्साहपूर्वक काठमाडौँ आएका नेता, कार्यकर्ताहरूलाई यही उत्साह र उर्जालाई आगामी चुनावसम्मै लैजान आग्रह गर्नुभएको छ।

नेपाली कांग्रेसका सहमहामन्त्री डा प्रकाशशरण महतद्वारा लिखित 'नेपाली कांग्रेस एण्ड नेशन बिल्डिङ' पुस्तकको आज यहाँ विमोचन गर्दै प्रधानमन्त्री देउवाले भन्नुभयो, "यो महाधिवेशनमा कांग्रेसका कार्यकर्तामा देखिएको ऊर्जालाई आगामी निर्वाचनसम्म लानुपर्छ र कांग्रेसलाई बहुमतप्राप्त पार्टी बनाउने कार्यमा तपाईंहरू सबै लाग्नुपर्छ ।" पुस्तक विमोचन समारोहमा उपस्थित नेपाली कांग्रेसका सयौँ महाधिवेशन प्रतिनिधिसँग उहाँले सकेसम्म सहमतिका आधारमा महाधिवेशनबाट नेतृत्व चयन गर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "सकेसम्म हामी सहमतिबाटै नेतृत्व चयन गर्नेछौँ नभए प्रजातान्त्रिक प्रक्रियाबाट प्रतिस्पर्धामा जाने हो । तर पनि प्रतिस्पर्धामा हुने जितहारलाई स्वाभाविकरूपमा लिएर कुनै पनि प्रकारको कटुता राख्नु हुँदैन । जित्नेले पनि हार्नेलाई समेट्नुपर्छ, हार्नेले पनि सहयोग गर्नुपर्छ, यसलाई प्रजातान्त्रिक प्रक्रियाका रूपमा लिनुपर्छ, कुनै पनि प्रकारको कटुता, मनोमालिन्य राख्नु हुँदैन, असहिष्णु बन्नु हुँदैन ।" प्रधानमन्त्री देउवाले १४औँ महाधिवेशन नेपाली कांग्रेसका मात्र नभएर नेपालको प्रजातान्त्रिक भविष्यका लागि पनि एक महत्वपूर्ण अवसर भएको बताउनुभयो । उहाँले भन्नुभयो, "महाधिवेशन सफल पारेर फर्किएर नेपाली कांग्रेसलाई बलियो बनाउने र अबका सबै निर्वाचनहरूमा बहुमत हासिल गर्ने बनाउन साथीहरू लाग्नुहुनेछ ।" कार्यक्रममा सहमहामन्त्री देउवाले सहमहामन्त्री डा महतले बिपी कोइरालाको सरकारको अर्थव्यवस्थाका विषयमा पुस्तक लेखेर प्रशंसनीय काम गरेको बताउनुभयो । उहाँले डा महतलाई मेहेनती र आफूले पाएको जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्ने व्यक्ति भनेर टिप्पणी पनि गर्नुभयो।

सहमहामन्त्री डा महतले लेखेको 'नेपाली कांग्रेस र नेशन बिल्डिङ' नामक पुस्तक बिपी कोइराला प्रधानमन्त्री रहेको नेपालको पहिलो जननिर्वाचित सरकारको अर्थव्यवस्थाका बारेमा रहेको छ । सोही विषयमा डा महतले त्रिभुवन विश्वविद्यालयमा अर्थशास्त्र विषयको स्नातकोत्तरको शोध तयार गर्नुभएको र यसै विषयको केही संशोधित सामग्रीसहित पुस्तकका रूपमा प्रकाशन गरेको डा महतले जानकारी दिनुभयो।

उहाँले त्यस समयमा नेपाली कांग्रेस पार्टी प्रतिबन्धित रहेको र उक्त विषयमा शोध तयार गर्न पनि निकै कठिन अवस्था रहेको भए पनि आफूले बिपी कोइरालाले नेपालमा प्रजातान्त्रिक समाजवादको अवधारणा के कसरी भित्र्याउनुभएको थियो भन्ने विषयमा आफ्नो शोध केन्द्रित गरेको बताउनुभयो।

साथै त्यस समयमा समाजवादी विचारमा बिपी कोइरालाको सरकारले के-कस्तो अर्थनीति अँगाल्ने प्रयास गरेको थियो भन्नेबारेमा अनुसन्धान गर्न आफू इच्छुक रहेकाले सोही विषयमा शोध तयार पारेको र अहिले पनि समाजवादी अवधारणाको महत्व उतिकै रहेकाले पुस्तकका रूपमा प्रकाशन गरेको डा महतले बताउनुभयो।

## लमजुङमा जीप दुर्घटनामा तीनको मृत्यु

पोखरापत्र संवाददाता
लमजुङ, २३ मंसिर

मर्स्याङ्दी गाउँपालिका- ८ भुस्मे नजिकै बिहीबार बिहान ग१ज ६३१७ नंको जीप दुर्घटना हुँदा एक शिक्षक र दुई विद्यार्थीको घटनास्थलमै मृत्यु भएको छ।

सो जीपमा मर्स्याङ्दी -९ सिम्पानीस्थित गणेश माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थी शैक्षिक भ्रमणका लागि रहेका थिए । सो दुर्घटनामा आठ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक जगदिश रेग्मीले बताउनुभयो । उहाँका अनुसार मृत्यु हुनेमा कपिलबस्तु बाडनिय गाउँपालिका- ८ घर भई साही विद्यालयका शिक्षक ३८ वर्षीय कमल राना थापा, मर्स्याङ्दी -९ का सोही विद्यालयमा कक्षा ७ मा अध्ययनरत १३ छात्रा प्रर्मिसा गुरुङ, कक्षा ६ मा अध्ययनरत १२ वर्षीय गणेश भण्डारी छन् । उनीहरूको जीपमा च्यापिँदा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा चालकसहित आठ घाइते भएका छन् । घाइतेको स्थानीय र प्रहरीले उद्धार गरी बेंसीशहर नगरपालिका- ८ स्थित जिल्ला अस्पताल लमजुङमा ल्याइएको छ। घाइतेमध्ये चालक र १४ वर्षीय विद्यार्थीलाई भने अस्पतालले रिफर गरेर भरतपुर लैजाँदै गरेको प्रहरी निरीक्षक रेग्मीको भनाइ छ । अन्य छ जनाको भने जिल्ला अस्पतालमै उपचार भइरहेको छ।

घाइते आठ जनाकै पहिचान खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ । उनीहरूको टाउको, अनुहार, हातखुट्टालगायत शरीरको विभिन्न ठाउँमा चोट लागेको छ । तीन जीपमा शिक्षक र विद्यार्थी शैक्षिक भ्रमणका हिडेका थिए।

## मुख्यमन्त्री पोखरेलद्वारा कांग्रेस केन्द्रीय सदस्यमा उम्मेदवारी घोषणा

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले कांग्रेसको केन्द्रीय सदस्यमा उम्मेदवारी दिने घोषणा गर्नुभएको छ।

मुख्यमन्त्री पोखरेलले बुधबार साँझ आयोजित एक कार्यक्रममा पार्टीको १४ औं महाधिवेशनमा केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिन लागेको घोषणा गर्नुभएको हो । बिपी कोइरालाको परिकल्पनाबाट स्थापित पार्टीलाई अझ सशक्त र मजबुत बनाउन एकपटक केन्द्रीय समितिमा रहेर काम गर्न चाहेको उहाँको भनाइ छ । विसं २००५ जेठ ५ गते तनहुँको राम्चेमा जन्मनुभएका पोखरेलले मुलुकलाई अप्ठ्यारो परेको बेला निकास दिने कांग्रेस भएकाले अबको चुनावमा प्रष्ट बहुमत ल्याउने गरी महाधिवेशनपछि तयारी थाल्नुपर्ने बताउनुभयो। कांग्रेसको १४ औं महाधिवेशन यही मङ्सिर २४ देखि २७ गतेसम्म काठमाडौँमा हुँदैछ।

## माओवादीको प्रदेश समितिमा नौ पदाधिकारी

रासस
काठमाडौं, २३ मंसिर

नेकपा (माओवादी केन्द्र) ले प्रदेश समितिको पदाधिकारी र सदस्यको संख्या बढाउने निर्णय गरेको छ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बिहीबार बसेको स्थायी समिति बैठकले प्रदेश समितिको पदाधिकारी सङ्ख्या नौ बनाउने निर्णय गरेको हो । बैठकले प्रदेश समिति एक अध्यक्ष, तीन उपाध्यक्ष, एक सचिव, तीन सहसचिव र कोषाध्यक्ष एक गरी नौ सदस्यीय हुने निर्णय गरेको प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो । यसअघि प्रदेश समितिमा सात सदस्यीय पदाधिकारी रहने व्यवस्था थियो।

प्रदेश समितिको संख्या बढाउने निर्णय पनि भएको उहाँले बताउनुभयो । "यसअघि प्रदेश समिति न्यूनतम् १७५ सदस्यीय हुने व्यवस्था थियो, तर त्यति सङ्ख्याले मात्र नपुग्ने भएकाले प्रदेश र सङ्घीय निर्वाचन क्षेत्रलाई आधार बनाएर थप्ने निर्णय भएको छ", उहाँले भन्नुभयो । १ नं प्रदेशमा २५९, २ नं प्रदेशमा २७१, वाग्मतीमा २७५, गण्डकीमा २२९, लुम्बिनीमा २५३, कर्णालीमा २११ र सुदूरपश्चिम प्रदेशमा २२३ सदस्यीय समिति हुनेछ।

पछिल्ला समय अन्य पार्टीबाट माओवादीमा प्रवेश गर्नेको सङ्ख्या बढ्दै गएको भन्दै पार्टी प्रवेश गर्नेको सन्दर्भमा अध्ययन गर्न नेता देवप्रसाद गुरुङको संयोजकत्वमा नेता गिरिराजमणि पोखरेल र पार्टी कार्यालयका मुख्यसचिव श्रीराम ढकाल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## दुई युवा नेताद्वारा कांग्रेस केन्द्रीय सदस्यमा उम्मेदवारी

पोखरापत्र संवाददाता
दमौली, २३ मंसिर

नेपाली कांग्रेसको १४औं महाधिवेशनमा तनहुँका दुई युवा नेताले केन्द्रीय सदस्यमा उम्मेदवारी दिने घोषणा गर्नुभएको छ।

नेपाली कांग्रेस तनहुँका पूर्वसभापति ध्रुव वाग्ले र नेपाल विद्यार्थी संघका पूर्वमहामन्त्री आनन्दराज त्रिपाठीले केन्द्रीय सदस्यमा उम्मेदवारी दिने घोषणा गर्नुभएको हो । कांग्रेसको महाधिवेशन शुक्रबारदेखि सुरु हुँदैछ । संविधानसभा सदस्य रहनुभएका वाग्लेले गण्डकी प्रदेशबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिने बताउनुभयो । वाग्लेले पार्टीमा युवाको सहभागिता सुनिश्चितताका लागि आफूले उम्मेदवारी दिने बताउनुभयो। कांग्रेसको आमन्त्रित केन्द्रीय सदस्य वाग्लेले देशभरका महाधिवेशन प्रतिनिधिबाट आफूले सकारात्मक सुझाव प्राप्त गरेको बताउनुभयो। यस्तै नेपाल विद्यार्थी संघका पूर्वमहामन्त्री त्रिपाठीले पनि पार्टीमा युवाको आकर्षण बढाउन केन्द्रीय सदस्यमा उम्मेदवारी दिने बताउनुभयो।

## युआरएल पत्रकारिता पुरस्कार बास्तोलालाई

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

पत्रकार हरिप्रसाद बास्तोलालाई यस वर्षको युआरएल पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको छ।

युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)ले बिहीबार आयोजना गरेको वार्षिकोत्सव समारोहमा गण्डकी प्रदेशकी स्वास्थ्य तथा जनसंख्या मन्त्री मधु अधिकारी गुरुङले उनलाई पुरस्कृत गरिन् । पुरस्कार राशि नगद २० हजार र ताम्रपत्र छ।

पत्रकार बास्तोला राष्ट्रिय समाचार समिति (रासस)मा कार्यरत छन् । गण्डकी प्रदेशको पहिलो र अग्रणी रेफरेन्स ल्याब युआरएलले स्थापना र सञ्चालन गर्दै आएको यो पुरस्कार स्वास्थ्य बिटमा गण्डकी प्रदेशलाई केन्द्र बनाएर क्रियाशील १ पत्रकारलाई हरेक वर्ष प्रदान गर्ने गरिन्छ।




कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्री गुरुङले जनतालाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा दिन सरकार प्रतिबद्ध रहेको बताइन् । महामारीले यो क्षेत्रमा निकै ठूलो चुनौती थपेको उल्लेख गर्दै उनले निजी क्षेत्रसँग सहकार्य गर्दै सरल र सुलभ तवरले स्वास्थ्य सेवा प्रदान गरिने उल्लेख गरिन् । उनले स्वास्थ्य क्षेत्रमा कुनै अव्यवहारिक नीति, नियम, कानुन भए, तिनलाई परिमार्जन गरिने बताइन् । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व उपकुलपति एवं चिफ कन्सल्टेन्ट फिजिसियन प्राडा बुद्धिबहादुर थापाले पछिल्लो समय नेपालले स्वास्थ्य क्षेत्रमा निकै फड्को मारेको बताए । उनले राजधानी र विदेश पठाउनुपर्ने रक्त परीक्षण पोखरामै उपलब्ध गराउने युआरएल जस्ता प्रयोगशाला हरेक प्रदेश र जिल्ला जिल्लामा स्थापना हुनुपर्ने विचार राखे।

प्रतिष्ठानका सिनेटर मीनबहादुर गुरुङले राज्यका नीति, नियम र मापदण्ड पालना गरी युआरएलले गुणस्तर सेवामा छुट्टै पहिचान बनाएको बताए । युआरएल पत्रकारिता पुरस्कार छनोट समिति संयोजक दीपेन्द्र श्रेष्ठले साढे ३ दशकदेखि पत्रकारितामा क्रियाशील पत्रकार बास्तोलालाई पुरस्कृत गर्दा पत्रकारिता क्षेत्रनै सम्मानित भएको बताए । नेपाल पत्रकार महासंघ कास्कीका पूर्वअध्यक्षसमेत रहेका श्रेष्ठले प्रदेश सरकारलाई बिमामा सबै प्रदेशवासीलाई आवद्ध गर्न र नमुना प्रदेश बनाउन आग्रह गरे । नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारीले युआरएलले गुणस्तरीय सेवासँगै सेवा प्रवर्द्धनका लागि सामाजिक कार्य र सञ्चार माध्यमसँग सहकार्य गरी नमुना काम गरेको जनाइन् । अफिन गण्डकी प्रदेश अध्यक्ष अशोक पालिखेले स्वास्थ्य क्षेत्रमा सरकारभन्दा ३ गुणा बढी हिस्सा निजी क्षेत्रको भए पनि सरकार निजी क्षेत्र मैत्री हुन नसकेको गुनासो गरे । युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले राज्यका मापदण्ड पालना गर्दै गुणस्तरीय सेवा दिएर प्रदेशलाई प्रयोगशाला क्षेत्रमा आत्मनिर्भर बनाउन लागिपरेको जनाए । उनले ५ करोडभन्दा बढी लगानी गरी हाले पोखराको हस्पिटलचोकमा शाखा सञ्चालन गरिएको उल्लेख गरे । युआरएलका निर्देशक सन्दीप अर्यालले आफूहरुले सेवापछिको नाफामा विश्वास गर्ने जनाए । उनले गुणस्तरीय सेवा दिन कर्मचारीलाई तालिम, क्वालिटी अडिट जस्ता विधि अपनाइएको जानकारी दिए । युआरएलका अर्थ निर्देशक गणेश कोइरालाले संसारकै सर्वोत्कृष्ट प्रविधि, दक्ष जनशक्ति र सेवाग्राहीको विश्वासले युआरएल यहाँसम्म आएको बताए ।

यो पुरस्कारबाट अहिलेसम्म पत्रकारहरु ऋषि खतिवडा, यदुनाथ बञ्जारा, सुरेन्द्र पौडेल र प्रदीप पौडेल सम्मानित भइसकेका छन् । पोखराको सभागृहचोकमा प्रधान कार्यालय रहेको युआरएलले शाखा कार्यालय हस्पिटलचोकसहित दुलेगौंडा, दमौली, बेशीसहर र वालिङमा सेवा विस्तार गरेको छ। हालसम्म ४ लाखभन्दा बढीलाई सेवा दिइसकेको युआरएलले विभिन्न संघ, संस्थासँग सहकार्य गरी १ सयभन्दा बढी स्वास्थ्य शिविर र सचेतना कार्यक्रम गरेको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# मानवअधिकारको अवस्था उस्तै

संयुक्त राष्ट्र संघको महासभाले मानवअधिकार घोषणा पत्र सार्वजनिक गरेको दिनलाई अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको रुपमा मनाउन थालिएको छ । सन १९४८ डिसेम्बर १० तारिखमा राष्ट्रसंघीय महासभाले मानवअधिकारको घोषणापत्र जारी गरेको थियो । ऐतिहासिक दिनलाई दिवसको रुपमा मनाउन थालेको धेरै वर्ष भएको छ। मानिस जन्मिएदेखि मृत्युपर्यन्त आधारभूत अधिकार पाउने कुरा घोषणापत्रले समेटेको छ । मानवअधिकारको विषय सबैको साझा चासोको विषय हो । हरेक देशमा मानवअधिकारको अवस्था कस्तो छ भनेर राष्ट्रसंघीय मानवअधिकार परिषद्मा छलफल हुने गर्दछ । नेपालमा मानवअधिकारको अवस्था कस्तो छ भनेर राष्ट्रिय मानवअधिकार आयोगले राष्ट्रपति समक्ष प्रतिवेदन बुझाउने गर्दछ । आयोगका अध्यक्ष तप बहादुर मगरले राष्ट्रपति विद्या देवी भण्डारीलाई पेश गरेको प्रतिवेदनमा अहिले पनि मानव अधिकारको समग्र अवस्था सन्तोषजनक नरहेको जनाइएको छ । संविधानतः गठन गरिएका विषयगत आयोग र राष्ट्रिय मानव अधिकार आयोगबीचको क्षेत्राधिकारका बारेमा अन्यौल रहिआएको प्रतिवेदनले औल्याएको छ ।

संविधान जारी गर्ने बेला असन्तुष्ट समुदायलाई सान्त्वना दिन आयोगहरु गठन भएका थिए । अहिले ती आयोगहरु र राष्ट्रिय मानवअधिकार आयोगबीच क्षेत्राधिकारलाई लिएर विवाद आउनु राम्रो होइन । दशवर्षको सशस्त्र द्वन्द्वका कारण मानवअधिकारको अवस्था दयनीय थियो ।मानवअधिकार उल्लंघनका घटनाले सबैलाई चिन्तित बनाएको थियो । द्वन्द्व समाधानको लागि बिस्तृत शान्ति संझौता भएको हो । विस्तृत शान्ति सम्झौतामार्फत शुरू भएको शान्ति-प्रक्रियाले १५ बर्ष पार गरिसक्दा पनि द्वन्द्वपीडितले अझै न्याय पाउन नसकेको आयोगको प्रतिवेदले औल्याएको छ । बालविवाह, महिला हिंसा, हिरासतमा मृत्यु, मानव बेचबिखन जस्ता समस्या विद्यमान छन । पीडितको न्यायमा पहुँच, सरल, सहज र सुरक्षित हुन सकेको छैन । साशकले भन्ने एकथोक गर्ने अर्कै थोक हुनेगरेको छासमाजमा जातीय भेदभावको विद्यमानता, स्वास्थ्य सेवामा सबैको पहुँच नसक्नुबाट संविधान प्रदत्त हक अझै सहज रुपमा नागरिकले उपभोग गर्न नसकेको आयोगको ठहर छ । हामी मानवअधिकारका लागि अझै लड्नुपर्छ भन्ने देखाएको छ ।

आप्रवासी कामदारमाथि श्रम शोषण, यौन शोषण, नेपालमै हुने ठगीजस्ता कार्यले उनीहरूको मानव अधिकारको अवस्था सन्तोषजनक नरहेको आयोगको प्रतिवेदनमा जनाइएको छ । सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, जेष्ठ नागरिक, लैङ्गिक अल्पसंख्यक लगायतको विषयमा राज्यले विशेष ध्यान दिन नसकेको पनि प्रतिवेदनमा औल्याइएको छ । त्यसैकारण यी वर्ग एवम् समुदायका अधिकार संरक्षित हुन नसकेको पाइएको छ । त्यसैगरी दैविक प्रकोप, बाढी र भूकम्पबाट प्रभावितको मानव अधिकार अवस्थामा विशेष ध्यान दिनुपर्ने आयोगको सुझाव छ ।

यस आर्थिक वर्षमा आयोगले गरेको मानव अधिकारको संरक्षण र सम्बर्द्धनात्मक लगायतका कार्यबाट विभिन्न उपलब्धिहरू हासिल गरेको आयोगले प्रतिवेदनमा उल्लेख गरेको छ । गत आर्थिक वर्ष आयोगमा जम्मा एक सय ८६ उजुरी दर्ता भएका छन् । पुराना र नयाँ गरी दुई सय ६१ उजूरीमाथी अनुसन्धान भएको आयोगको प्रतिवेदनमा भनिएको छ । मानवअधिकारको अवस्था एवम् विविध विषयमा दुई सय १२ वटा अनुगमन भएका छन् । अनुसन्धान गरिएका उजुरीमाथि जम्मा एक सय ८८ निर्णय भएका छन् । एक वर्षको अवधिमा कानुन निर्माणमा सरकार एवम् सरोकारवाला निकायलाई सहयोग पुर्‍याउन मानव अधिकारको दृष्टिकोणबाट विभिन्न विधेयकमा छलफल तथा सुझाव दिने कार्य पनि आयोगले गरेको जनाइएको छ ।

अहिले पनि दण्डहीनताको अवस्था कायमै रहेको, आयोगका सिफारिस सरकारले कार्यान्वयन नगरेको, सरकारबाट अपेक्षित सहयोग प्राप्त नभएको, कानुनी अपर्याप्तता कायमै रहेको जनाइएको छ । कोभिड-१९ का कारण संक्रमितले समयमै उपचार नपाउने,धनीले मात्र उपचार पाउने अवस्थाले मानवअधिकारको अवस्थामा सुधार आउन नसकेको देखाउँछ ।धनी राष्ट्रले कोभिड विरुद्धको खोप गरिब राष्ट्रलाई दिन गरेको ढिलाइले मानवअधिकार सबैलाई बराबरी हुन्छ भन्ने मान्यता विपरीत ह । मानवअधिकार दिवस मनाइरहँदा पनि पुरानै विषय घच्घच्याउनु पर्ने अवस्थाले हामी धेरैले पछाडि छौं भन्ने देखाएको छामानवअधिकारको लागि सरकारले सबैलाई आश्वस्त पार्न आयोगको सिफारिस कार्यान्वयन र प्रतिबद्धता अनुसार काम गर्नु आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सहयोग मिल्नेछ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाब |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : आर्थिक समस्या |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शत्रुको भय | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङको गलकोटलाई ऋषिङ अध्यक्ष कपको उपाधि

**पोखरापत्र संवाददाता**
**दमौली, २३ मंसिर**

तनहुँको ऋषिङ गाउँपालिकाको आयोजनामा सञ्चालित दोस्रो ऋषिङ अध्यक्ष कप भलिबल प्रतियोगिताको उपाधि बागलुङको गलकोट नगरपालिकाले जितेको छ ।

ऋषिङ गाउँपालिका-१ झापुटारमा सम्पन्न फाइनल खेलमा तनहुँको शुक्लागण्डकी नगरपालिकालाई पराजित गर्दै गलकोटले उपाधि जितेको हो । प्रतिस्पर्धात्मकरूपमा सम्पन्न खेलमा गलकोट ३-२ सेटले विजयी भएको हो । शुक्लागण्डकी नगरपालिका गत वर्ष सम्पन्न प्रथम ऋषिङ कपको विजेता हो । यसपटक शुक्लागण्डकीले उपविजेतामा चित्त बुझायो । स्याङ्जाको बिरुवा गाउँपालिकालाई पराजित गर्दै गलकोट फाइनलमा पुगेको थियो भने शुक्लागण्डकी भिमाद नगरपालिकालाई हराउँदै फाइनलमा पुगेको थियो । यसैगरी स्याङ्जाको बिरुवा गाउँपालिका तेस्रो र तनहुँको भिमाद नगरपालिका चौथो भएको छ ।

जितसँगै गलकोट नगरपालिकाले रु एक लाख ४० हजार पुरस्कार प्राप्त गरेको छ भने द्वितीय भएको शुक्लागण्डकीले रु एक लाख पुरस्कार प्राप्त गरेको छ । तेस्रो भएको बिरुवाले रु ६० हजार र चौथो भएको भिमादले रु ३० हजार पुरस्कार प्राप्त गरेको छ । विजेतालाई गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले पुरस्कार वितरण गर्नुभयो । यही मङ्सिर १८ गतेदेखि सुरु भएको उक्त प्रतियोगितामा १६ टोली सहभागी थिए ।

# लोकगायक खत्रीको 'हतार भइसक्यो' सार्वजनिक

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ मंसिर**

विवाहको याम छोपेर लोकगायक विष्णु खत्रीले मौलिक पञ्चेबाजा गीत ' मलाई हतार भइसक्यो' बजारमा ल्याउनुभएको छ। खत्रीको आफ्नै युट्युब च्यानलमार्फत बुधबार सार्वजनिक भएको उक्त गीतको भिडियोले २० हजारभन्दा बढी भ्यूज बटुलिसकेको छ ।

गीतमा गायक खत्रीका साथै रेनु रानामगरको स्वर छ । गीतको रचना र सङ्गीत पनि खत्रीकै रहेको छ । म्युजिक भिडियोमा कलाकार लोमस शर्मा, मेलिना थापालगायतको अभिनय देख्न पाइन्छ । भिडियोको निर्देशन दिलीप रेग्मीले गर्नुभएको छ । मौलिक संस्कृति र परम्पराको जगेर्ना गर्न पञ्चेबाजा गीत ल्याएको गायक खत्रीले बताउनुभयो । गीतमा बागलुङको गलकोट, बडिगाडसहित छिमेकी मुसीकोट नगरपालिकाका सांस्कृतिक एवं पर्यटकीय क्षेत्रको वर्णन छ । गीतको सवालजवाफमा स्थान विशेषलाई प्रतिकात्मकरूपमा उठान गरिएको छ ।

माया, प्रेमको गीत भए पनि त्यसमा प्रयुक्त शब्द र भिडियोका दृश्यले पर्यटकीय ठाउँको प्रचार र प्रवर्द्धन हुने विश्वास लिइएको छ । दुई दशकदेखि नेपाली लोकसङ्गीतमा सक्रिय गायक खत्रीका यसअघि ' जाउँला ढोरपाटन'लगायत दर्जनौं पञ्चेबाजामा आधारित गीत सार्वजनिक भइसकेका छन् । नेपाली जनजीवनका सुख, दुःख र भोगाइलाई गीतमार्फत सजीव ढङ्गले उर्तान सफल गायक/सर्जक खत्रीका ' भरिया दाइ', 'कि लास चाहियो, कि सास चाहियो', 'जम्मु कश्मिरमा'लगायतका गीत धेरै रुचाइएका छन् । गलकोट नगरपालिका-७ मल्ममा जन्मनुभएका गायक खत्री यसै साता राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान, नेपाल गण्डकी प्रदेशले प्रदान गर्ने नरबहादुर परियार स्मृति कलाकारिता पुरस्कार, २०७८ बाट पुरस्कृत हुनुभएको थियो ।

# आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश

**रासस**
**काठमाडौं, २३ मंसिर**

राष्ट्रिय मानवअधिकार आयोगले आर्थिक वर्ष २०७७/२०७८को वार्षिक प्रतिवेदन राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष बिहीबार पेश गरेको छ । नेपालको संविधानको धारा २९४ (१) बमोजिम उक्त प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

प्रतिवेदनमा २०७७/२०७८ मा आयोगमा परेका उजुरी, उजुरीउपर भएका छानविन तथा अनुसन्धान विवरण, नेपाल सरकारलाई गरिएका सिफारिसलगायत मानवअधिकार संरक्षण र सम्वर्द्धनमा आयोगबाट वर्षभरि भएका कार्यको उल्लेख गरिएको छ ।

साथै, मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि आगामी दिनमा गरिनुपर्ने सुधारसम्बन्धी विवरणसमेत प्रतिवेदनमा समावेश छ । प्रतिवेदन बुझदै राष्ट्रपति भण्डारीले समाजमा अझै पनि जातीय विभेद, महिला हिंसा, बोक्सीको आरोपमा कुटपीट तथा अमानवीय व्यवहार, छाउपडीजस्ता मानवअधिकार उल्लङ्घनका घटना भइरहेको र यस प्रकारका घटना दोहोरिन नदिनका लागि आर्थिक उन्नति, शिक्षा तथा चेतना अभिवृद्धिमा जोड दिनुपर्ने बताउनुभयो । आयोगका अध्यक्ष तपबहादुर मगरले मुलुकमा बालविवाह, महिला हिंसा, मानव बेचबिखनजस्ता समस्याको विद्यमानता, पीडितको न्यायमा पहुँच सरल, सहज र सुरक्षित हुन नसक्नु, समाजमा जातीय भेदभाव कायम रहनु र स्वास्थ्य सेवामा सबैको पहुँच हुन नसक्नुबाट संविधानप्रदत्त हक अझै सहजरुपमा नागरिकले उपभोग गर्न नसकेको बताउनुभयो । आप्रवासी कामदारमाथि श्रम शोषण, यौन शोषण, सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, ज्येष्ठ नागरिक, लैङ्गिक अल्पसङ्ख्यक तथा प्राकृतिक प्रकोप, बाढी र भूकम्पबाट प्रभावितको मानवअधिकार अवस्थामा सन्तोषजनक सुधार हुन नसकेको हुँदा अवस्था सुधारका लागि राज्यले विशेष ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो । आयोगमा यस आवमा १६८ उजुरी दर्ता भएको भएका थिए । नयाँ र पूराना गरी आयोगमा २६१ उजुरीको अध्ययन पूरा भएको छ । मानवअधिकार उलङ्घनका विषयमा २१२ अनुगमन भएको छ । अनुसन्धान पूरा भएका १८८ उजुरीमाथि आयोगले निर्णयसमेत गरेको वार्षिक प्रतिवेदनमा छ ।

# देशभरका ५० समूहको भजन प्रदर्शन

**पोखरापत्र संवाददाता**
**बागलुङ, २३ मंसिर**

युवा पुस्ताको बेवास्ताका कारण लोप हुन थालेको लोक भजन संरक्षण र शालग्रामको प्रवर्द्धनका लागि बागलुङमा आयोजना गरिएको 'शालग्राम भजन महोत्सव'मा ५० समूहलाई सहभागी गराइने भएको छ ।

पुरानो संस्कृतिका रुपमा रहेको लोक भजन जोगाउनका लागि आयोजना गरिएको भजन महोत्सवमा ५० समूहबाट भजन प्रदर्शन गराइने भजन महोत्सव आयोजक संस्थाले जनाएको छ । यही मङ्सिर २४ देखि २८ गतेसम्म आयोजना गर्न लागिएको भजन महोत्सवको सबै तयारी पूरा भएको जनाइएको छ ।

बागलुङ नगरपालिका-४ कुडुँलेस्थित श्रीधरआचार्य शालग्राम सङ्ग्रहालयमा प्रथम शालग्राम भजन महोत्सव आयोजना गरिएको छ । तिरुपती बालाजीधाम तथा शालाग्राम सङ्ग्रहालयको आयोजनामा गर्न थीलएको भजन महोत्सवमा देशभरबाट ५० समूहले सहभागिता जनाउने भजन महोत्सव मूल आयोजक समितिका संयोजक राजु खड्काले जानकारी दिनुभयो । "हामी निरन्तर भजन समूहको सम्पर्कमा छौँ, ५० भन्दा बढी समूहले आउने कुरा गर्नुभएको छ, हालसम्म २५ समूहले सहभागी हुने निधो दिइसक्नुभएको छ", खड्काले भन्नुभयो, "भजन प्रदर्शन गर्ने सबै सहभागीलाई यातयात खर्च उपलब्ध गराइनेछ, यो नितान्त प्रतियोगिता नभएर प्रदर्शनी हो, यहाँको शालग्रामको महिमा बढाउन हो ।" अहिले सङ्ग्रहालय आसपासका क्षेत्र सजाउने, प्रचारप्रसार गर्ने र मोटरसाइकल र्‍याली गने काम भइरहेको छ । महोत्सव सफल पार्न २५१ सदस्यीय मूल आयोजक समिति, ११ उपसमिति गठन गरेर काम भइरहेको छ । धार्मिक पर्यटक आर्कषण गर्नका लागि भजन महोत्सव आयोजना गरिएको शालग्राम सङ्ग्रहालयका अध्यक्ष ऋषि प्रपन्नचार्यले बताउनुभयो । प्रतियोगितामा प्रतिस्पर्धा हुने भएकाले खुलारुपमा भजन आयोजना गरिएको उहाँको भनाइ छ । शालग्राम सङ्ग्रहालय दुई वर्षदेखि सर्वसाधारणका लागि खुल्ला गरिएको छ । यसअघि भजन प्रतियोगिता आयोजना गरे पनि प्रतियोगिताले सबैलाई समेट्न नसकेकाले महोत्सव आयोजना गरिएको भजन महोत्सवका सहसंयोजक तथा जैमिनी संकृतनका अध्यक्ष सङ्घम क्षेत्रीले जानकारी दिनुभयो ।

भजन महोत्सवमा सहभागीलाई यातयात खर्च दिइनेछ भने दैनिकरुपमा उत्कृष्ट भजन टोलीलाई सम्मान गर्ने आयोजकको तयारी छ । शालग्राम सङ्ग्रहालयमा गर्न थालिएको भजन महोत्सवमा रु १० लाख खर्चको अनुमान गरिएको छ । महोत्सवमा राष्ट्रिय लोकभजन चुड्का संरक्षण प्रतिष्ठानका अध्यक्ष प्रजापती पराजुली, लोक तथा भजन गायक रेशम सापकोटा र लोक भजनका खोजकर्ता डा तुलसी प्रवासका समेत भजन प्रस्तुत हुनेछन् ।

# कांग्रेसको १४औँ महाधिवेशनको उद्घाटन शुक्रबार दिउँसो हुने

**रासस**
**काठमाडौं, २३ मंसिर**

नेपाली कांग्रेसको १४औँ महाधिवेशनको उद्घाटन शुक्रबार हुँदैछ । महाधिवेशनको उद्घाटन दिउँसो १ बजे भृकुटीमण्डपमा हुनेछ । महाधिवेशन उद्‌घाटनको सम्पूर्ण तयारी पूरा भएको पार्टी कार्यालयले जनाएको छ ।

उद्‌घाटनका लागि मुख्य मञ्च भृकुटीमण्डपको प्राङ्गणमा १५० जनाभन्दा बढी क्षमताको मञ्च तयार गरिएको पार्टी कार्यालयका सचिव डा प्रदीप पराजुलीले जानकारी दिनुभयो । कोभिड-१९ महामारीका कारण काठमाडौँ उपत्यका बाहिरबाट सहभागी नबोलाइएकाले पार्टीका महाधिवेशन प्रतिनिधि र स्वतःस्फूर्त रूपमा आउने सहभागी मात्र उद्धाट्नमा रहने उहाँले बताउनुभयो ।

उद्‌घाटनमा नेपालका सबै मुख्य राजनीतिक दलका प्रमुखहरुका साथै विदेशबाट भारतको भारतीय जनता पार्टी र कांग्रेस आईका प्रतिनिधिको समेत उपस्थिति हुने बताइएको छ । सहभागीलाई हेर्न सजिलोका लागि मञ्च बाहिर ठूला पाँच डिस्प्ले राखिएको छ । सञ्चारमाध्यमका लागि रिर्पोटिङ गर्न मञ्च नजिकै छुट्टै स्टेज बनाइएको छ । उक्त स्टेजमा ६० भिडियो क्यामेर ासहित सञ्चारकर्मी रहने क्षमता छ । सबैतिर मञ्चको आवाज सुनिने गरी ठूला साउण्ड सिष्टम राखिएको छ ।

महाधिवेशनस्थल पार्टीका झण्डा र चुनाव चिह्न रुख अङ्कित झण्डाले सिँगारिएको छ भने त्यस वरपर विभिन्न स्थानमा स्वागत द्वार राखिएको छ । यसैगरी महाधिवेशनका उम्मेदवारका ब्यानरले भृकुटीमण्डप भरिभराउ छ । यस महाधिवेशनमा चार हजार ७०० महाधिवेशन प्रतिनिधि रहने छन् । अधिकांश महाधिवेशन प्रतिनिधि काठमाडौँ आइसकेको र उनीहरुका लागि आवश्यक महाधिवेशनसम्बन्धी विवरणसहितको झोला वितरण गर्ने काम बिहीबारदेखि पार्टी केन्द्रीय कार्यालय सानेपाबाट सुरु गरिसकिएको पार्टी कार्यालयले जनाएको छ । महाधिवेशन प्रतिनिधिहरुका लागि खाना र नास्ताकोव्यवस्थाभृकुटीमण्डपको बगैँचामा हुने र बासका लागि सुन्धाराका विभिन्न होटलमा व्यवस्था गरिएको छ । यसैगरी बन्दसत्र हुने भृकुटीमण्डपको हलमा पनि ठूलो मञ्च तयार हुनुका साथै हलभित्र पनि सात वटा डिस्प्ले राखिएको छ । महाधिवेशनमा नेपाल प्रहरीले सुरक्षाको आवश्यक प्रबन्ध गरेको र ट्राफिक प्रहरीले सवारीको उचित व्यवस्थापनको प्रबन्ध मिलाएको जनाएको छ । यसैगरी पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार महाधिवेशन प्रतिनिधिको नामावली प्रकाशन मङ्सिर २४ गते बिहान १० बजे हुनेछ । उम्मेदवार मनोनयन दर्ता मङ्सिर २५ गते बिहान १० देखि साँझ ५ बजेसम्म, उम्मेदवारी मनोनयन दर्ताउपर दाबी विरोध र जाँचबुझ मङ्सिर २५ गते साँझ ५ देखि ७ बजेसम्म र दाबी विरोधउपर निर्णय मङ्सिर २५ गते साँझ ७ देखि ९ बजेसम्म हुने समितिले जनाएको छ ।

उम्मेदवारको पहिलो नामावली प्रकाशन मङ्सिर २५ गते राति ९ देखि १२ बजेसम्म, मनोनयन पत्र फिर्ता लिइसक्नुपर्ने समय मङ्सिर २६ गते बिहान ११ बजेसम्म, उम्मेदवारको अन्तिम नामावली प्रकाशन मङ्सिर २६ गते दिउँसो १२:१५ बजे र मतदान मङ्सिर २७ गते बिहान ८ बजेदेखि हुने समितिका संयोजक गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो ।

सभापति पदको मतगणना मतदान समाप्त भएपछि हुनेछ । सभापति पदको दोस्रो चरणको निर्वाचन गर्नुपर्ने भएमा राष्ट्रियसभा गृह, भृकुटीमण्डपमा लगत्तै गरिनेछ र सो निर्वाचनसम्बन्धी थप कार्यक्रम मतदान स्थलमा नै प्रकाशन गरिने समितिले जनाएको छ । सभापति बाहेक अन्य पदाधिकारी र सदस्य पदको मतदान समाप्त भएपछि उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिको रोहवरमा मतपेटिका शिलबन्दी गरी पार्टी केन्द्रीय कार्यालयमा सुरक्षित राखिनेछ । सभापति पद बाहेक बाँकी पदाधिकारी र सदस्यको मतगणना केन्द्रीय कार्यालय सानेपामा हुने तयारी गरिएको छ ।

कांग्रेसले भृकुटीमण्डप र राष्ट्रियसभा गृहमा मतदान हुने जनाएको छ । मतदानमा २९ किसिमका मतपत्र हुनेछन् भने उम्मेदवारको सङ्ख्या र पदअनुसारका आकार र रङका मतपत्रको व्यवस्था गरिनेछ । यसैगरी महाधिवेशन तयारीका लागि आज बसेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले महामन्त्री पूर्णबहादुर खड्काले प्रस्तुत गर्नुभएको महामन्त्रीको प्रतिवेदन, उपसभापति विमलेन्द्र निधिले प्रस्तुत गर्नुभएको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको प्रतिवेदन र लेखा समितिका संयोजक श्याम घिमिरेले प्रस्तुत गर्नुभएको लेखा समितिको प्रतिवेदन पारित गरेको छ । बैठकले १४ औँ महाधिवेशन तयारीका क्रममा केन्द्रीय कार्यसमितिको निर्णयबमोजिम विधानको विभिन्न धारा उपधारा व्याख्या, वाधा अड्काउ फुकाउ र निलम्बन गर्ने निर्णय अनुमोदनका लागि महाधिवेशनमा प्रस्तुत गर्ने निर्णय पनि गरेको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो । बैठकले पारित गरेका प्रतिवेदन र प्रस्तावहरु महाधिवेशनमा प्रस्तुत गरिनेछन् । कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारीमध्ये एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ । कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्यमध्येबाट निर्वाचित हुने व्यवस्था छ । यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाति १५, खस/आर्य १३, मधेसी नौ, थारु चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यक बाट एक, अपाङ्गबाट एक सदस्य गरी कुल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने विधानको व्यवस्था छ । यसबाहेक केन्द्रीय सभापतिले ३३ जना मनोनित गर्ने विधानमा उल्लेख छ ।

# कृषिमा स्थानीय सरकारको अनुदानबाट बिदेशिनेहरू रोकिँदै

-हिमलाल पराजुली
स्याङ्जा, २३ मंसिर

फेदीखोला गाउँपालिका वडा नं ३ का अनिल पौडेल अहिले आफ्नै गाउँघरमा कृषि तथा पशुफर्म सञ्चालन गरेर मनग्य आम्दानी गर्न सफल हुनुभएको छ । वैदेशिक रोजगारीका सिलसिलामा तीन वर्ष कतारमा बिताउनुभएका २७ वर्षीय पौडेल स्वदेश फर्किएर दुई वर्षदेखि गाउँमै कृषिमा रमाइरहनुभएको छ ।

पाँच भैंसीबाट आफ्नो व्यवसाय सुरु गर्नुभएका पौडेलले यसबाहेक २५ रोपनी जमीनमा टनेल निर्माण गरेर तरकारी खेती गरिरहनुभएको छ । अहिले पौडेलका महालक्ष्मी कृषि तथा पशुफर्म फर्ममा सानाठूला गरेर १३ भैंसी छन् । उहाँले दैनिक ४० लिटर दूध पोखरा लगेर रु एक सयदेखि १२० लिटरमा बिक्री गर्दैआउनुभएको छ । टनेलमा गोलभेंडा, काउली, बन्दागोभी, भिन्डी, सागलगायत तरकारी लगाउँदै आउनुभएका पौडेलले भन्नुभयो, "गाउँघरको आफ्नै जमिन सदुपयोग गरेर वार्षिक चार लाखसम्म आम्दानी गर्न पाएकामा खुसी लागेको छ ।"

देशमा रोजगारीको अवसर नभएको भनी दिनहुँजसो हजारभन्दा बढी युवा बिदेशिरहेका बेला यहाँका केही युवा भने यसरी आफ्नै गाउँठाउँमा स्वरोजगार बन्ने प्रयास गरिरहेका छन् । आफ्नै लगानीमा केही गर्नेभन्दा पनि अर्कैको काम गरेर आयआर्जन गर्ने भावना विपरीत यहाँका तन्नेरीहरू आफ्नै पसिनामा आफ्नो भविष्य खोज्दै स्वरोजगार बन्ने अभियानमा छन् । स्थानीय तहले किसानलाई लक्ष्य गरेर नीति तथा कार्यक्रम ल्याएपछि त्यस्ता युवाको आकर्षण कृषि पेशामा बढेको छ ।

गाउँपालिकाले वैदेशिक रोजगारीबाट फर्किएर आएका युवालाई स्वरोजगार बनाउने योजनानुसार कृषि तथा पशुपालनका लागि अनुदान दिने नीति बनाएको छ । गाउँपालिकाले उत्पादनमा आधारित १५ प्रतिशत अनुदान दिने र २६ तरकारीमा न्यूनतम समर्थन मूल्य निधारण गरेर किसानलाई अनुदान उपलब्ध गराउँदै आएको गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, "पालिकाले अधिकतम युवा तथा कृषकलाई कृषिमा व्यावसायिक रूपमा लाग्न हौसला प्रदान गर्ने योजनाअनुसार उत्पादनका आधारमा अनुदान दिने नीति लिएको छ ।"

पालिकाले गाउँठाउँमा रहेको बाँझो जमिनमा खेती गर्ने किसानलाई पनि अनुदान दिँदै आएको छ । सुवेदीका अनुसार बाँझो भएको आफ्नै जमिनमा खेती गर्ने किसानलाई प्रतिरोपनी रु दुई हजार र जमिन भाडामा लिएर खेती गर्ने किसानलाई प्रतिरोपनी रु दुई हजार पाँच सयका दरले अनुदान दिँदै आएको छ । गाउँपालिकाले अनुदान दिन थालेसँगै दुई हजार सय रोपनी बाँझो जमीनमा खेती हुन थालेको र रु १० करोड बराबरको थप खाद्यान्न उत्पादन भएको सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, "बाँझो जमिनमा खेती गर्ने किसानलाई अनुदान दिन सुरु गरिएसँगै खाद्यान्न उत्पादनमा वृद्धि भएको छ, रोजगारी सिर्जना गर्नाका साथै खाद्यान्न उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउन सहयोग पुगेको छ ।"

गाउँपालिका कृषि शाखा प्रमुख शिशिर पण्डितले ५२६ किसानले बाँझो जमीनमा खेती गर्न सुरु गरेको र रु ४० देखि ५० हजारसम्म अनुदान पाएको जानकारी दिनुभयो । उहाँ भन्नुहुन्छ, "एक मुरी धानसमेत उत्पादन नगर्ने किसानले अहिले बाँझो जमिनमा खेती गरेर २५/३० मुरीसम्म धान फलाएका छन्, यस अभियानले पालिकाभित्र जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहन गर्दै खेतीपातीमा लाग्न किसानलाई उत्साहित बनाएको छ ।" संयुक्त अरव इमिरेट्समा आठ वर्ष बिताएर नेपाल फर्कनुभएका फेदीखोला -२ का ४६ वर्षीय गङ्गाधर पौडेल फेरि विदेश जाने योजनामा भएकामा गाउँपालिकाको अनुदान नीति थाहा पाएपछि उहाँ आफ्नो योजना बदल्दै आफ्नै पाँच रोपनी जमिनमा तरकारी खेती गरेर वार्षिक रु तीन लाख आम्दानी गर्न सफल हुनुभएको छ । उहाँले आफ्नो खेतबारीमा हरियो तरकारी साग, काउली, बन्दाका साथै गोलभेंडा र आलु खेती गर्दै आउनुभएको छ । गाउँपालिकाको सहयोग पाएपछि आफू वैदेशिक रोजगारीलाई छाडेर गाउँघरमै तरकारी खेतीमा लागेको पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "अर्काको देशमा गएर पसिना बगाउनुभन्दा आफ्नै गाउँघरमा परिवारसँगै बसेर वार्षिक तीनचार लाख रुपियाँ कमाउन सकिने भएपछि केलाई विदेश जानू ? मलाई यहीँ खेतीपाती गर्नुमा खुसी लागेको छ ।"

खेती गर्न चाहनेलाई गाउँपालिकाले अनुदान दिने अनि उत्पादन गरेको वस्तुसमेत घरघरमै पुगेर खरिद गर्ने गरेपछि किसानलाई काम गर्न उत्साहित बनाएको पौडेलको भनाइ थियो । गाउँपालिकाले प्लाष्टिक टनेल, हाते ट्र्याक्टर र थोपा सिंचाइ परियोजनाका लागि पनि सहयोग गर्ने गरेको छ । गाउँपालिकाले वैदेशिक रोजगारीमा गएर कोभिड- १९ का कारण रोजगारी गुमाएका युवालाई प्रतिव्यक्ति रु दुई लाख ५० हजारका दरले सहयोग गरेको छ । यसरी सहयोग पाउने ११ युवा छन् । गाउँपालिकाले पालिकाभित्रका कृषकले उत्पादन गरेका वस्तु ढुवानीका लागि कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ । किसानले उत्पादन गरेका तरकारीलगायत वस्तु पालिकाले तिनको घरमै पुगेर हातहातमै पैसा बुझाएर बजार मूल्यअनुसार खरिद गरेर सहकारीमार्फत बिक्री गर्ने गरेको छ । पालिकाका पाँच वटै वडामा सङ्कलन केन्द्रको व्यवस्था छ । किसानले उत्पादन गरेको तरकारी न्यून मूल्यमा बेच्नुपर्ने अवस्था आएमा न्यूनतम मूल्यमा अपुग रकम गाउँपालिकाले नै थपेर किसानलाई उपलब्ध गराउँछ ।

# सेतो सहर गल्याङ

रासस
गल्याङ, २३ मंसिर

गल्याङ नगरपालिका -२ इलुङ्गाकी टीकाकुमारी राना दूध बिक्रीबाट मनग्य आम्दानी गर्न सफल हुनुभएको छ । हर्सिका गाई फर्म सञ्चालन गर्दै आउनुभएका ३० वर्षीया राना दैनिक ८० देखि १२९ लिटरसम्म दूध बिक्री गरेर महिनामा रु एक लाख ५० हजारसम्म आम्दानी गर्नुहुन्छ । आफ्नै घरमा गाई फर्म सञ्चालन गर्दै आउनुभएका रानाको गाई फर्ममा अहिले पाँच जर्सी गाई छन् । उहाँले नगरपालिकाले दिने प्रतिलिटर रु १५ का दरले वार्षिक रु तीन लाखभन्दा बढी थप अनुदान पाउनुभएको छ । यसबाहेक रानाले गाई खरिदका लागि नगरपालिकाबाट रु ४० हजार अनुदान पाउनुभएको थियो । श्रीमान् नारायण रोजगारीका लागि साउदी अरब गएपछि "घरमा यत्तिकै बस्नुभन्दा केही गरौँ" भनेर गाई फर्म सञ्चालन गर्नुभएका राना बिहान उठेदेखि साँझसम्म गोठमा रहेका गाईको स्याहारमा व्यस्त हुनुहुन्छ । दुई छोराछोरी र आमाका साथमा बस्दै आउनुभएका टीकाले आफ्नै फर्ममा एक महिलालाई रोजगारीसमेत दिनुभएको छ । नगरपालिकालाई सेतो सहरका रूपमा विकास गर्ने योजनानुसार प्रतिलिटर दूधमा रु १५ का दरले अनुदान दिँदै आएको गल्याङ नगरपालिकाले जनाएको छ । पहाडी जिल्लाको नगरपालिकाका बासिन्दाको कृषि र पशुपालनका माध्यमबाट आयआर्जनको स्रोत बढाउने उद्देश्यले दूधमा अनुदान दिने नीति लिइएको नगर प्रमुख भूपराज अधिकारी बताउनुहुन्छ । अधिकारीले भन्नुभयो, "यहाँका किसानलाई कृषि तथा पशुपालनका क्षेत्रमा प्रोत्साहन गर्ने योजना अनुसार नगपालिकाले निर्णय गरेर प्रति लिटर दूधमा १५ रुपियाँ अनुदान दिँदै आएको छ । यसले किसानलाई दूध उत्पादनमा लाग्न प्रोत्साहन मिलेको छ ।" नगरपालिकाले गाईभैंसी खरिदमा समेत अनुदान दिने गरेको छ । यहाँको पशुसेवा शाखाबाट कृषकले भनेका समयमा प्राविधिक सहयोगसमेत पाउने भएकाले नगरपालिकामा पशुपालन गर्ने कृषक बढ्दै गएका छन् ।

पहिलापहिला घरमा भएको दूधसमेत बेच्न आनाकानी गर्ने किसानले अहिले उत्साहित भएर बिक्री गर्ने गरेको पशुसेवा शाखाका प्रमुख सुशील अर्याल बताउनुहुन्छ । जति धेरै बिक्री गर्न सक्यो, उति धेरै अनुदान पाउने भएपछि किसानले उत्साहित भएर व्यावसायिक रूपमा गाईभैंसी पालेर दूध बिक्री गर्न थालेको अर्यालको भनाइ छ । यसरी अनुदान मात्र आर्थिक वर्ष २०७७/०७८ मा रु ७८ लाख ९९ हजार ९२० वितरण गरिएको अर्यालले जानकारी दिनुभयो । चालु आवमा किसानले पाँच लाख २६ हजार ६६१ लिटर दूध बिक्री गरेका छन् । दूध बिक्री गर्ने किसान बढ्दै जान थालेपछि नगरपालिकाले सञ्चालन गरेको दूधमा अनुदान कार्यक्रम प्रभावकारी बन्दै गएको छ । दूध बेचेर मात्रै महिनामा रु ९० हजारसम्म अनुदान प्राप्त गर्ने किसानसमेत छन् । गल्याङ -११ का अगुवा कृषक रुमलाल कँडेलले लामो समयदेखि कृषिलाई नै आफ्नो मुख्य पेशा बनाउँदै आउनुभएको छ । विसं २०६६ देखि कृषि पेशामा लाग्नुभएका उहाँले यही पेशाबाट वार्षिक रु १२ देखि १५ लाखसम्म आम्दानी गर्दै आउनुभएको छ । उहाँले आफ्नै घर जिम्मुवामा ६५ रोपनी जग्गामा व्यवसाय सञ्चालन गर्नुभएको छ । भगवती भैंसीपालन तथा कृषि बीउ उत्पादन फर्ममार्फत दैनिक ६० लिटर दूध बिक्री गर्दै कँडेलले राम्रो आम्दानी गर्नुभएको हो । उहाँको फर्ममा अहिले १४ गाईभैंसी छन् । उहाँले आफ्नै फर्मबाट नश्ल सुधार गरेर गाईका बाच्छाबाच्छीसमेत उत्पादन गर्दै आउनुभएको छ ।

उहाँले भन्नुभयो, "काम गर्न चाहने किसानलाई नगरपालिकाले सहयोग गरेको छ, यस सहयोगले हामीलाई काम गर्न थप हौसला मिलेको छ ।" हुन पनि नगरपालिकाले दूध उत्पादन गर्ने किसानलाई प्रतिलिटरमा दिने अनुदानले गाईभैंसी पालेर दूध बिक्री गर्ने किसानलाई प्रोत्साहन मिलेको देखिन्छ । यसले कृषि पेशामा पनि राम्रो आम्दानी गर्न सकिन्छ भन्ने सन्देश दिएको कँडेल बताउनुहुन्छ ।

उहाँले करिब ४५ रोपनी जमिनमा आलु, धान र मकैको बीउ उत्पादन गर्दै आउनुभएको छ । यसबाहेक उहाँले १५ रोपनी जमिनमा गाईवस्तुका लागि आवश्यक घाँस खेतीसमेत गर्नुभएको छ । कँडेलले जनक देव, एमएस ४२ जातको आलुको बीउ, अनि अरुण -२ मकै तथा राम धान र सावित्री धानको बीउसमेत उत्पादन गर्नुभएको छ ।

आफ्नै उत्पादन गण्डकी प्रदेशका स्याङ्जा, कास्की, तनहुँ, लमजुङ र गोरखाका साथै लुम्बिनी प्रदेशका पाल्पा, गुल्मी, अर्घाखाँचीलगायत जिल्लामा बिक्री गर्दै आउनुभएका उहाँले यस वर्ष २५ टन आलु बिक्री गर्नुभयो । उहाँ अब एक टन मकै र सात टन धानको बीउ बिक्री गर्ने तयारीमा हुनुहुन्छ । नगरपालिकाले ऋण लिएर कृषि पेशा गर्नेहरूका लागि कृषि ऋणमा चार प्रतिशत अनुदान दिँदै आएको छ । आव २०७७/०७८ मा नगरपालिकाले कृषि ऋणमा व्याज अनुदानअन्तर्गत रु १५ लाख वितरण गरेको छ । यसबाट २८१ कृषक लाभान्वित भएको नगरपालिकाले जनाएको छ ।

# बेनीमा होटल नेचुरल स्प्रिङ निर्माण हुँदै

रासस
बेनी, २३ मंसिर

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ तातोपानीमा धवलागिरि क्षेत्रकै ठूलो होटल निर्माण हुन लागेको छ । बेनीमा व्यवसाय गर्दै आउनुभएका राजु हमालले रु २५ करोड लगानीमा ५७ कोठा क्षमताको 'होटल नेचुरल स्प्रिङ प्रालि' सञ्चालनमा ल्याउन लाग्नुभएको हो । रोयल, डिलक्स र साधारण गरी तीन स्तरका सुविधासहितका कोठाको व्यवस्थासहित होटल निर्माण गरिरहेको उहाँले बताउनुभयो ।

करिब आठ रोपनी क्षेत्रफलमा छ तलाको भवन निर्माण भइरहेको छ । होटलको भौतिक पूर्वाधारतर्फको करिब ६५ प्रतिशत काम पूरा भएको र आगामी भदौदेखि औपचारिकरूपमा सञ्चालनमा ल्याउने तयारी गरिएको उहाँको भनाइ छ । होटलमा पार्किङ र लिफ्ट सुविधासँगै १५० जना क्षमताको सेमिनार हल, मसाज, क्याफे र लोकलमार्टसमेत सञ्चालनमा आउनेछन् । होटल सञ्चालनमा आएसँगै पहिलो चरणमा ४० जनाले नियमित रोजगारी पाउने सञ्चालक हमालले जानकारी दिनुभयो । रु २२ करोड लागत अनुमान गरिएको भए पनि कोरोना महामारीका कारण सामानमा भएको अभाव, निर्माणकार्यमा भएको प्रभाव र सामान ढुवानीमा भएको असुविधाले लागत बढ्ने भएको उहाँले बताउनुभयो ।

"क्षमताका हिसाबले धवलागिरि क्षेत्रकै ठूलो हुन्छ, सुविधामा समेत स्टार होटलका सुविधा उपलब्ध गराउँछौँ, सुविधायुक्त होटलले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा समेत सघाउने अपेक्षा गरेको छु", उहाँले भन्नुभयो ।

पोखराबाट कुश्मा, बेनी हुँदै हिमालपारिको जिल्ला मुस्ताङ जाने एकमात्रै सडक बेनी-जोमसोम-कोरला सडकमा पर्ने भएकाले होटल सञ्चालनमा आउन सके यस सडकखण्ड हुँदै आवतजावत गर्ने आन्तरिक तथा बाह्य पर्यटकको बसाइ लम्बाउन टेवा पुऱ्याउने अपेक्षा गरिएको स्थानीय पर्यटन व्यवसायीसमेत रहनुभएका अन्नपूर्ण गाउँपालिकाका कार्यपालिका सदस्य आत्मा तुलाचनले बताउनभयो । "यहाँको प्राकृतिक तातोपानीको कुण्ड पर्यटकको रोजाइमा पर्ने गरेको छ, तर सिजनमा अहिले सञ्चालनमा रहेका होटलले पर्यटकको चाप धान्न सक्ने अवस्था छैन, त्यसैले ठूलो क्षमतामा सञ्चालनमा ल्याउन लागिएको यस होटलले पर्यटकको बसाइ व्यवस्थापन र भ्रमण अवधि बढाउन सहयोग पुग्ने देखिन्छ", तुलाचनले भन्नुभयो ।

तातोपानीमा अहिले ठूला सात र साना १५ गरी ४०० सम्म पर्यटक बस्न सक्ने क्षमताका होटल छन् । अन्नपूर्ण राउण्ड पदमार्ग र मुस्ताङ जाने एकमात्रै बेनी-जोमसोम सडकखण्डले समेटिएको ठाउँ भएकाले तातोपानीमा सञ्चालनमा आउन लागेको यस होटलले पर्यटकलाई आरामदायि बसोबासको प्रबन्ध मिलाउन र पर्यटन प्रवर्द्धनमा सघाउने स्थानीयवासीको भनाइ छ ।

# लो-घेकर दामोदरकुण्डका सबै वडाका भवन निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २३ मंसिर

मुस्ताङको लो-घेकर दामोदरकुण्ड गाउँपालिकाका सबै वडाको भवन निर्माण भएको छ । पाँचवटै वडाका कार्यालय भवन निर्माण गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले सबै वडा कार्यालय भवनको उद्घाटन गरिएको जानकारी दिनुभयो । "यही मङ्सिर २० र २१ गते पाँचवटै वडा कार्यालयका भवन उद्घाटन गरेर औपचारिक रुपमा प्रयोगमा ल्याएका छौँ", उहाँले भन्नुभयो ।

वडा नम्बर १ को चराङ, २ को घमी, ३ को घिलिङ, ४ को सुर्खाङ र ५ को ताङ्ग्यामा भवन निर्माण गरिएका छन् । वडा नं १ को भवन जिल्ला समन्वय समितिका प्रमुख छिरिङ ल्यामो गुरुङले र अन्य भवन गाउँपालिका अध्यक्ष विष्टले उद्घाटन गर्नुभएको थियो ।

गाउँपालिका अध्यक्ष विष्टका अनुसार उपभोक्ता समितिमार्फत आर्थिक वर्ष २०७५/७६ मा सुरु भएका वडा कार्यालयका भवन निर्माण यसै आवमा सकिएका हुन् । एकै किसिमको डिजाइन भएका एकतले सबै भवनमा छ/छ कोठा छन् । स्थानीय डिजाइन र निर्माण सामग्रीको प्रयोग गरेर मौलिकता झल्कने किसिमको भवन निर्माण गरिएको हो ।

भवनमा वडा अध्यक्ष, सचिव, सदस्य तथा बैठक कक्ष र सभाहल छन् । एक वडा कार्यालय भवन बनाउन रु ५० लाख देखि रु ६० लाख खर्च भएको गाउँपालिका अध्यक्ष विष्टले बताउनुभयो । प्रतिकूल मौसमका कारण हिउँदमा काम गर्न नसकिने र कोरोना भाइरसको महामारीका कारण भवन निर्माणलाई प्रभावित बनाएको थियो । भवन अभावका कारण सामुदायिक भवन, क्लब, आमा समूह र स्वास्थ्यचौकीबाट कार्यालय सञ्चालन गरिएको थियो । भवन बनेपछि सेवा प्रवाह र कार्यालय सञ्चालन गर्न सहज भएको चराङका वडा अध्यक्ष टै धुन्टु ठकुरीले बताउनुभयो ।

चराङमा निर्माणाधीन गाउँपालिकाको प्रशासनिक भवनको काम ६० प्रतिशत सकिएको छ । इमोटल कन्ट्रक्सन प्रालिले रु चार करोड २४ लाख ५८ हजारमा भवन निर्माण गर्ने ठेक्का लिएको थियो । तीन रोपनी जग्गामा निर्माण भइरहेको तीनतले भवन चालु आवभित्र सम्पन्न गर्ने लक्ष्य रहेको इन्जिनियर सन्देश केसीले बताउनुभयो ।

# 'ठेकेदार साप, पुल बनाउनु पर्दैन ?'

पोखरापत्र संवाददाता
वालिङ, २३ मंसिर

वालिङ, २३ मङ्सिर (रासस) : 'ठेकेदार साप, पुल बनाउनु पर्दैन ?' स्याङ्जाको आँधीखोला गाउँपालिकाको 'युथ अफ आँधीखोला'ले सामाजिक सञ्जालमा यसरी नै खबरदारी गऱ्यो । दुई वर्षमा बनाउँछु भनेर ठेक्का लिएको पुल सात वर्षमा पनि किन बनाउनुभएन ? भनेर ठेकेदारको नाम र फोटोसहित सामाजिक सञ्जालमा राखेर सरोकारवालालाई खबरदारी गरिएको छ ।

नागरिकस्तरबाटै यसरी खबरदारी हुन थालेपछि अहिले पुलकोविषयलेचर्चापाउनथालेको छ । आँधीखोला गाउँपालिका-५ र ६ जोड्ने सेतीदोभानस्थित आँधीखोलामा निर्माणाधीन मोटरेबल पुलको काम अलपत्र परेपछि यसको निर्माणका लागि दबाब दिन थालिएको हो । "स्याङ्जासँगै देशकै गौरवका रूपमा रहेको सिरुबारी सामुदायिक घरबाससम्म जोड्ने मुख्य सडकमा पुल अलपत्र परेपछि स्थानीयका साथै आन्तरिक तथा बाह्य पर्यटक तथा स्थानीयवासीलाई सास्ती भएको छ", युथ अफ आँधीखोलाका अध्यक्ष हरि ढकालले भन्नुभयो, "पुल समयमा बन्नुपर्ने मागसहित विगतमा पटक पटक आवाज उठायौँ, सुनवाइ नभएपछि सामाजिक सञ्जालमार्फत दबाब दिन बाध्य भएका हौँ ।"

ठेकेदारले राजनीतिक पहुँचका भरमा पुल निर्माणमा ढिलाइ गरेपछि यहाँका बासिन्दा हैरानीमा परेकाले नागरिकस्तरबाट स्वतःफूर्तरूपमा दबाबमूलक अभियान सञ्चालन गर्न बाध्य भएको ढकाल बताउनुहुन्छ । यही पुलको विषयलाई लिएर गत आइतबार नेपाली कांग्रेस आँधीखोला गाउँ कार्यसमितिले गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीको ध्यानाकर्षण गराएको सभापति नरेन्द्र पौडेलले जानकारी दिनुभयो । "पुल समयमा निर्माण सम्पन्न नभएका कारण सास्ती भयो", उहाँले भन्नुभयो, "गाउँ कार्यसमितिको बैठकले मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउने र छिटो निर्माण सम्पन्न गर्नका लागि अनुरोध गर्ने निर्णय गऱ्यो र सोही निर्णय मुख्यमन्त्रीलाई बुझाएका हौँ ।" पुल निर्माणका लागि व्यवसायी कान्छाराम अशेष जेभी कास्कीले २०७१ असोज २६ मा दुई वर्षभित्र सक्ने गरी ठेक्का सम्झौता गरेको थियो ।

दुई वर्षभित्रमा काम सम्पन्न गर्नुपर्नेमा सात वर्षमा पनि पुल निर्माण भएको छैन । पुल निर्माणका लागि २०७८ असार मसान्तसम्म समय थप गरिए पनि काम अघि बढेको छैन । तर ठकेदार कान्छाराम तामाङ पुलको धेरैजसो काम सकिएको र डेढ महिनाभित्र पूरै काम सम्पन्न हुने दाबी गर्नुहुनछ । "वर्षाका कारण समयमा ढलान गर्न सकिएन, कोभिड-१९ महामारीले पनि समस्या भयो", उहाँले भन्नुभयो, "आगामी चैत मसान्तसम्म समय थप गरिएको छ, उक्त समयअगावै पुल निर्माण सम्पन्न गरिसक्छौँ ।" पुल निर्माणका लागि रु दुई करोड ९० लाख ठेक्का सम्झौता भएको थियो ।

# एक करोड ६४ लाख भ्रष्टाचार गरेको आरोपमा मुद्दा

रासस
काठमाडौं, २३ मंसिर

वैध कमाईभन्दा बढी विलासी जीवन बिताएको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गर्दा अर्थ मन्त्रालयका एक पूर्वशाखा अधिकृतको गैरकानूनी सम्पत्ति फेला परेको छ ।

स्रोत नखुलेको सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका आधारमा आयोगले लामो समय लगाएर अर्थ मन्त्रालयका तत्कालीन शाखा अधिकृत उद्धवप्रसाद थपलियाको छानबिन गरेको थियो । छानबिनका क्रममा रु एक करोड ६४ लाख ८९ हजार ७०० बराबरको सम्पत्तिको स्रोत फेला पर्न सकेन ।

आयोगका अनुसार विसं २०४० फागुन ६ गतेदेखि २०७५ चैत ३० गतेसम्म पदमा रहँदा थपलियाले रु एक करोड दुई लाख ८२ हजार २५८ बराबरको वैध आय गरेको देखिन्छ । उनले रु दुई करोड ६७ लाख ७१ हजार ९५८ बराबरको खर्च तथा लगानी गरेको पुष्टि भएको छ ।

सार्वजनिक सेवामा रहेर आफ्नो पदको दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्यमार्फत गैरकानूनी आर्जन गरेको अनुसन्धानबाट खुलेको आयोगको दाबी छ । उनले गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति श्रीमती मुना पन्तको नाममा भएका घरजग्गा र बैंक खातामा जम्मा गरेको पाइएको छ ।